मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १५४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार ५ गते शुक्रबार ❑ 19 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## पोखरा बसपार्कमा चल्यो डोजर

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार



पोखरा महानगरपालिका वडा नम्बर ९ स्थित पोखरा बसपार्क क्षेत्रमा अनधिकृत संरचना हटाउने अभियान अन्तर्गत बिहीबारदेखि डोजर चलाउन सुरु भएको छ।

विगत करिब ५ दशकदेखि अडिकएको बसपार्क विस्तार तथा पुनर्निर्माण कार्यलाई तीव्रता दिन महानगरले अस्थायी रुपमा निर्माण भएका घर तथा टहरा हटाउने कार्य सुरु गरेको हो।

सार्वजनिक जग्गा अतिक्रमण तथा अव्यवस्थित संरचनाका कारण बसपार्क निर्माण अघि बढ्न नसकेको अवस्थामा अब क्रमशः केही क्षेत्र खाली गर्दै व्यवस्थित विकास गर्ने योजना अघि सारिएको पोखराका मेयर धनराज आचार्यले बताउनुभयो।

डोजर चलाइएपछि बसपार्क क्षेत्रको उत्तरतर्फ तथा पूर्व पट्टिको केही भाग खाली गरिएको छ। विहीबार ३ वटा डोजर संचालन गरी बसपार्क क्षेत्रका केही भागमा डोजर लगाइएको हो। मेयर आचार्यले सार्वजनिक जग्गा संरक्षण र व्यवस्थित शहरी पूर्वाधार निर्माण महानगरको प्राथमिकता रहेको बताउनुभएको छ। उहाँका अनुसार बसपार्क क्षेत्रलाई आधुनिक र व्यवस्थित बनाउने लक्ष्यसहित सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान र व्यवस्थापन प्रक्रिया तीव्र गतिमा अघि बढाइएको छ। मेयर आचार्यले भन्नुभयो, "सार्वजनिक जग्गा संरक्षण अभियानलाई महानगरले प्राथमिकतामा राखेको छ। सुकुम्बासी बस्तीको पहिचान, जग्गा खोजी तथा व्यवस्थापनको काम अहिले तीव्र रूपमा अघि बढिरहेको छ। सबै पक्षसँग समन्वय गरेर व्यवस्थित बसपार्क निर्माण गरिनेछ।" पोखरा बसपार्क क्षेत्रमा ५७२ जनाले आफूहरू सुकुम्बासी तथा अव्यवस्थित बसोबासी भएको भन्दै पोखरा महानगरपालिका वडा नम्बर ९ मा निवेदन दिएका छन्। वडा अध्यक्ष दीपेन्द्र मर्सानीका अनुसार निवेदन दिएका परिवारहरूको पहिचान, वर्गीकरण र वास्तविक अवस्थाको अध्ययन कार्य जारी रहेको छ। उहाँले भन्नुभयो, "निवेदन दिएका सबैको विवरण संकलन भइरहेको छ।

वास्तविक सुकुम्बासी, भूमिहीन तथा अव्यवस्थित बसोबासी छुट्याउने काम प्राविधिक र प्रशासनिक रूपमा अघि बढिरहेको छ।"

यसअघि गठित विभिन्न समितिहरूले लालपुर्जा भएका जग्गाधनी, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको यकिन विवरण संकलन र सिफारिस कार्य गरिरहेका छन्। प्राविधिक जटिलता तथा थप अध्ययन आवश्यक भएकाले समितिहरूको म्याद थप गरी कामलाई निरन्तरता दिइएको छ। प्राविधिक अध्ययन, कित्ता मिलान, क्षेत्रफल निर्धारण तथा पूनर्वासका सम्भावनाबारे समेत विस्तृत प्रतिवेदन तयार गर्ने काम भइरहेको महानगरले जनाएको छ। पोखरा महानगरले बसपार्कलाई आधुनिक, व्यवस्थित र सेवा-सुविधायुक्त यातायात केन्द्रका रूपमा विकास गर्ने लक्ष्य लिएको छ। सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको सामाजिक न्यायसहित पूनर्स्थापना सुनिश्चित गर्दै विकास कार्य अघि बढाइने महानगरको भनाइ छ। महानगरले सबै पक्षसँग सहकार्य गर्दै कुनै पनि अवरोधबिना बसपार्क निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको छ। पोखरा बस पार्कमा १ सय ८७ रोनपी क्षेत्रफलमै बस पार्क बनाउन स्थानियले माग गर्नु भएको छ।

## गण्डकी प्रदेशसभामा बजेटमाथि छलफल सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार

गण्डकी प्रदेशसभाको बिहीबारको बैठकमा प्रदेश सरकारको आगामी आव २०८३/८४ को बजेटमाथि छलफल सुरु भएको छ।

बिहीबारको बैठकमा प्रदेशका आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले 'बजेटमाथि छलफल गरियोस्' भनी प्रस्ताव पेस गर्नुभयो। छलफलमा भाग लिँदै प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले अघिल्ला बजेटको तुलनामा अहिलेको बजेटमा चालु खर्च घट्नु र पुँजीगत खर्च बढ्नुलाई सकारात्मक रूपमा लिनुपर्ने बताउनुभयो। उहाँले बजेटमा समेटिएका रोजगारी सिर्जना, लगानी प्रवर्द्धन, कृषिको बजारीकरणलगायत कार्यक्रम कार्यान्वयनमा जोड दिनुभयो।

प्रदेशसभा सदस्य लिलबहादुर थापा मगरले नागरिकको माग र आवश्यकतामा आधारित भएर बजेट ल्याउने प्रयास गरेको बताउनुभयो। सरकारले चालु खर्च कम गर्दै जानुपर्ने उहाँको भनाइ छ। उहाँले बजेट निर्माण र वितरणमा प्रणाली बसाल्नुपर्ने बताउनुभयो। प्रदेशसभासदस्यरेशमबहादुरजुग्जालीले प्रदेश सरकारले आन्तरिक राजस्व बढाउन नसक्दा घाटा बजेट बनाउनुपर्ने अवस्था रहेको बताउनुभयो। उहाँले प्रदेश सरकारले वर्षौंअघि घोषणा गरेका लोकाहाखोला र पूँडीटार औद्योगिक क्षेत्र निर्माण अगाडि बढाउनुपर्ने बताउनुभयो।

प्रदेशसभा सदस्य बिन्दु पौडेलले 'रिटर्न टु भिलेज' लगायत आर्थिक उत्पादन र रोजगारी सिर्जनाका महत्त्वपूर्ण कार्यक्रमलाई बजेटले समेटेको बताउनुभयो। पुँजीगत बजेट समयमा खर्च हुन नसक्ने प्रवृत्तिको अन्त्य गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। प्रदेशसभा सदस्य पार्वती तामाङले सरकारको नीति तथा कार्यक्रमलाई आधार मानेर बजेट आएको बताउनुभयो। उहाँले नवप्रवर्तन, उद्यमशीलता, रोजगारी सिर्जना र लगानी प्रवर्द्धनलाई जोड दिइनु बजेटको सकारात्मक पक्ष भएको बताउनुभयो। प्रदेशसभा सदस्य सीताकुमारी सुन्दास, महेश भट्टराई, भक्तबहादुर कुँवरलगायतले बजेटमाथिको छलफलका क्रममा आ-आफ्ना धारणा राख्नुभएको थियो।

## पोखरामा निजामती कर्मचारी अस्पतालको सेवा विस्तार

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार

निजामती कर्मचारी अस्पतालले प्रदान गर्दै आएको स्वास्थ्य सेवा अब पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराबाट पनि उपलब्ध हुने भएको छ।

निजामती कर्मचारी अस्पतालसँग भएको सम्झौतापछि निजामती कर्मचारी तथा उनीहरूका परिवारले पोखरामा निजामती कर्मचारी अस्पतालले उपलब्ध गराउँदै आएको छुट तथा सहुलियतसहितको स्वास्थ्य सेवा प्राप्त गर्ने प्रतिष्ठानका सूचना अधिकारी सुशीलकुमार अर्यालले जानकारी दिनुभयो। "स्वास्थ्य उपपचारका सम्बन्धमा निजामती अस्पतालसँग एक साताअघि सम्झौता भएको थियो। त्यसपछि केही व्यवस्थापनको काम बाँकी सकेर अहिले सेवा दिन सुरु गरेका छौँ", सूचना अधिकारी अर्यालले भन्नुभयो। यस व्यवस्थाअनुसार निजामती कर्मचारी र उनीहरूका परिवारले ओपिडी, भर्ना, प्रयोगशाला परीक्षण, शल्यक्रिया तथा अस्पताल उपलध रहेका सबै सेवा निजामती कर्मचारी अस्पतालले निर्धारण गरेअनुसारका सुविधा र सहुलियत प्राप्त गर्नेछन्। सहुलियत उपचार कार्ड प्राप्त गरेका लाभग्राहीले उपचार सुविधा लिन सक्ने

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पोखराको नयाँ नीति पर्यटन पूर्वाधारमा ठूलो लगानी केन्द्रित गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार



पर्यटनको राजधानी पोखरालाई आर्थिक रूपमा थप सबल, लगानीमैत्री र आधुनिक शहर बनाउने लक्ष्यसहित पोखरा महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि महत्वाकांक्षी नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ।

१९ औं नगरसभामा बिहीबार नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगर प्रमुख धनराज आचार्यले दशकौंदेखि चर्चामा रहेको पोखरा रिङरोड निर्माण प्रक्रिया सुरु गर्ने, आधुनिक बसपार्क र सभागृह निर्माण थाल्ने तथा पर्यटन पूर्वाधारमा ठूलो लगानी केन्द्रित गर्ने नीति तथा कार्यक्रम सार्वजनिक गरेका हुन्।

महानगरले प्रस्तुत गरेको नीति तथा कार्यक्रमले स्पष्ट रूपमा पर्यटन, पूर्वाधार, डिजिटल सेवा र हरित विकासलाई आर्थिक समृद्धिको आधारका रूपमा अघि सारेको छ। नगर प्रमुख आचार्यका अनुसार "समुन्नत पोखराको आधारः सबल अर्थतन्त्र र पूर्वाधार" नारालाई व्यवहारमा उतार्ने गरी आगामी वर्षका कार्यक्रम तय गरिएका हुन्।


महानगरले पोखरा अन्तर र्राष्ट्रिय विमानस्थलबाट सटल बस सेवा सञ्चालन गर्ने, नियमित अन्तर्राष्ट्रिय उडानका लागि पहललाई तीव्रता दिने तथा पोखरा-भरतपुर-लुम्बिनीलाई जोड्ने 'सिल्भर ट्राइएङ्गल' अवधारणा मार्फत संयुक्त पर्यटन प्रवर्द्धन अभियान सञ्चालन गर्ने नीति लिएको छ।

पातलेछाँगो सिसा पुल सञ्चालनमा ल्याउने, वेगनासतालमा वाटर स्पोर्ट्स परियोजना अघि बढाउने, हर्पन खोला करिडोरमा एड्भेन्चर बोटिङको सम्भाव्यता अध्ययन गर्ने तथा पोखरा कल्चर भिलेज निर्माण गर्ने कार्यक्रमले पर्यटन क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउने अपेक्षा गरिएको छ।

महानगरले फिर्केखोलालाई हरियाली बेल्ट, साइकल लेन, पदमार्ग, खुला क्याफे तथा विश्रामस्थलसहितको आधुनिक पर्यटकीय तथा सार्वजनिक करिडोरका रूपमा विकास गर्ने योजना सार्वजनिक गरेको छ। फेवाताल संरक्षणलाई पनि उच्च प्राथमिकता दिइएको छ। सर्वोच्च अदालतको आदेशअनुसार तालको सीमांकन सम्पन्न भइसकेको उल्लेख गर्दै महानगरले ताल वरपर हरियाली क्षेत्र, पार्क तथा पर्यावरणीय पर्यटन पूर्वाधार विस्तार गर्ने जनाएको छ। फेवातालको दीर्घकालीन संरक्षण र पर्यटन उपयोगबीच सन्तुलन कायम गर्ने नीति लिइएको छ। शहरी पूर्वाधारतर्फ पोखरा रिङरोडको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गर्ने प्रक्रिया सुरु गरिने छ भने आधुनिक बसपार्क निर्माण, सभागृह निर्माण, वडा केन्द्र जोड्ने सडक स्तरोन्नति तथा मुख्य बजार क्षेत्रका विद्युतीय तार भूमिगत गर्ने कार्यक्रमले शहरको आर्थिक गतिविधिलाई थप गति दिने विश्वास गरिएको छ।

महानगरले आगामी वर्षलाई डिजिटल सेवा विस्तारको वर्षका रूपमा घोषणा गरेको छ। घरनक्सा, व्यक्तिगत घटना दर्ता, सिफारिस तथा राजस्व भुक्तानीलगायत अधिकांश सेवा पूर्ण रूपमा अनलाइन प्रणालीमा आबद्ध गरिनेछ। नागरिकका समस्या र सुझावलाई तत्काल सम्बोधन गर्न 'डिजिटल गुनासो अभियान' सञ्चालन गरिने भएको छ। यसले सेवाग्राही र महानगरबीचको दूरी घटाउने अपेक्षा गरिएको छ। सबै विद्यालयमा 'आरयू एण्ड ग्रीन क्लब' गठन गरी हरित विद्यालय अभियान सञ्चालन गरिनेछ। 'पढ्दै कमाउँदै' कार्यक्रमलाई थप प्रभावकारी बनाइने तथा प्रत्येक वडाबाट कम्तीमा एक महिलालाई प्राविधिक शिक्षामा छात्रवृत्ति प्रदान गरिने नीति लिइएको छ। स्वास्थ्य क्षेत्रमा विद्यालय नर्स कार्यक्रम विस्तार, डिजिटल अभिलेखीकरण, स्वास्थ्य बीमा विस्तार तथा विद्युतीय मेडिकल रेकर्ड प्रणाली लागू गरिने भएको छ। महानगरले आगामी वर्ष ३३ विशेष अभियान सञ्चालन गर्ने घोषणा गरेको छ। 'एक वडा-एक सार्वजनिक शौचालय', 'सुरक्षित शहर', 'नो प्लास्टिक पोखरा', 'साप्ताहिक कार-फ्री सडक', 'एक पर्यटक-एक मित्र', 'मेरो घर अगाडि, मेरो जिम्मेवारी', 'उज्यालो र सुरक्षित पोखरा' तथा 'शून्य अतिक्रमण-शून्य प्रदूषण' अभियान प्रमुख छन्। आफ्नो कार्यकालको अन्तिम नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगर प्रमुख आचार्यले पोखरालाई स्वच्छ, हरित, सुरक्षित र समृद्ध पर्यटकीय राजधानीका रूपमा स्थापित गर्ने लक्ष्य दोहोऱ्याउनुभयो। "पर्यटन, पूर्वाधार र प्रविधिको संयोजनमार्फत पोखरालाई राष्ट्रिय अर्थतन्त्रको गतिशील केन्द्र बनाउने हाम्रो प्रयास हो," उहाँले भन्नुभयो।

महानगरको नयाँ नीति तथा कार्यक्रमले पर्यटन राजधानीको घोषणापछि पोखरालाई अन्तर ष्ट्रिय गन्तव्यका रूपमा स्थापित गर्दै आर्थिक गतिविधि, लगानी र रोजगारी विस्तारमा केन्द्रित स्पष्ट मार्गचित्र प्रस्तुत गरेको विश्लेषण गरिएको छ।



# सरकारले गर्नुपर्ने काम उपभोक्तामार्फत हुनु खुसीको कुरा हो : प्रमुख आचार्य

**पोखरापत्र संवाददाता**
गण्डकी, ४ असार

वि.सं. २०५८ सालमा स्थापना भएको लेखनाथ खानेपानी उपभोक्ता संस्था आफ्नो स्थापनाको २५औँ वर्षमा प्रवेश गरेको छ।

संस्थाले विगत दुई दशकभन्दा बढी समयदेखि लेखनाथ क्षेत्रका नागरिकलाई नियमित तथा गुणस्तरीय खानेपानी सेवा उपलब्ध गराउँदै आएको छ। हाल संस्थाले १७ हजार ८ सय ११ वटा धारामार्फत करिब ९९ हजार ४ सय जनसंख्यालाई खानेपानी वितरण गरिरहेको जनाएको छ।

स्थापनाको रजत जयन्तीका अवसरमा संस्थाले बिहीबार विशेष कार्यक्रम आयोजना गरी रजत जयन्ती समारोह, २१औँ वार्षिक साधारणसभा तथा छैटौँ अधिवेशन सम्पन्न गरेको हो । कार्यक्रममा विभिन्न तहका जनप्रतिनिधि, खानेपानी क्षेत्रका विज्ञ, उपभोक्ता तथा सरोकारवालाको उल्लेख्य सहभागिता रहेको थियो। कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले खानेपानी व्यवस्थापन र मुहान संरक्षण वर्तमान समयका सबैभन्दा महत्वपूर्ण चुनौतीमध्ये एक भएको बताए। उनले बढ्दो शहरीकरण, जनसंख्या वृद्धि तथा वातावरणीय परिवर्तनका कारण प्राकृतिक स्रोतहरूमा दबाब बढ्दै गएको उल्लेख गर्दै खानेपानीका स्रोतहरूको दीर्घकालीन संरक्षणमा सबै पक्षको साझा प्रतिबद्धता आवश्यक रहेको बताए।

प्रमुख आचार्यले लेखनाथ खानेपानी उपभोक्ता संस्थाले उपभोक्ताको सहभागितामार्फत नमूना कार्य गरेको उल्लेख गर्दै सरकारले गर्नुपर्नेसेवाउपभोक्ताकोसक्रियतामा सफलतापूर्वक सञ्चालन हुनु गौरवको विषय भएको



बताए । उनले भने, "उपभोक्ताले आफ्नै संस्था निर्माण गरी खानेपानी जस्तो आधारभूत आवश्यकताको व्यवस्थापन गर्नु निकै सकारात्मक अभ्यास हो । यसले स्थानीय स्तरमा सुशासन, उत्तरदायित्व र स्वामित्वको भावना विकास गरेको छ ।" उनले पोखरा महानगरपालिकाले विगतदेखि संस्थालाई आवश्यक सहयोग गर्दै आएको स्मरण गर्दै आगामी दिनमा पनि आवश्यक सहकार्य र सहयोग जारी रहने प्रतिबद्धता व्यक्त गरे। साथै गिउजे खोलास्थित मुख्य मुहान क्षेत्रमा मध्यपहाडी लोकमार्ग निर्माणका क्रममा पुगेको क्षतिको स्थलगत अध्ययन गरी दीर्घकालीन समाधानका लागि वैकल्पिक योजना खोज्नुपर्ने आवश्यकता औँल्याए। कार्यक्रममा खानेपानी उपभोक्ता महासंघका केन्द्रीय अध्यक्ष खेमराज वलीले उपभोक्ता समितिहरूलाई अझ प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउन सरकारी निकायको महत्त्वपूर्ण भूमिका रहने बताए । उनले नेतृत्वमा रहेका व्यक्तिहरूले कागज र प्रतिवेदनमा मात्र होइन, व्यवहारिक रूपमा जनताको बीचमा पुगेर काम गर्नुपर्ने धारणा राखे । उनले खानेपानी जस्तो अत्यावश्यक सेवामा उपभोक्ता समितिमार्फत वितरण गरिएको पानीमा २५ प्रतिशत आयकर लगाउनु व्यवहारिक नभएको बताए । उपभोक्ताको हितलाई केन्द्रमा राखेर नीति निर्माण गर्नुपर्नेमा जोड दिँदै उनले खानेपानी संस्थाहरूलाई सेवा प्रदायक सामाजिक संस्थाका रूपमा हेर्नुपर्ने बताए। लेखनाथ खानेपानी उपभोक्ता संस्थाका संस्थापक अध्यक्ष शालिकग्राम पौडेलले संस्थाको स्थापना र विकासक्रमबारे जानकारी गराउँदै सुरुआती चरणमा विभिन्न चुनौतीहरूको सामना गर्नुपरेको स्मरण गरे। उनले लेखनाथ क्षेत्रका नागरिकलाई सहज रूपमा खानेपानी उपलब्ध गराउने उद्देश्यले वि.सं. २०६१ सालमा निर्माण कार्य सुरु गरिएको र निरन्तर प्रयासपछि वि.सं. २०६५ सालदेखि नियमित रूपमा खानेपानी वितरण सुरु भएको बताए। उनका अनुसार संस्थाको निर्माण र विस्तारमा स्थानीयवासी, उपभोक्ता, विभिन्न संघसंस्था तथा सरकारी निकायको महत्वपूर्ण सहयोग रहेको थियो। "सामूहिक प्रयास, धैर्य र प्रतिबद्धताले आज संस्थालाई यहाँसम्म पुऱ्याएको हो," उनले भने। मादी गाउँपालिका-७ का वडा अध्यक्ष दुर्गा बहादुर गुरुङले लेखनाथ खानेपानीको मुख्य मुहान आफ्नो वडामा रहेको जानकारी दिँदै मुहान संरक्षण र व्यवस्थापनका विषयमा दुवै पक्षबीच राम्रो समझदारी रहेको बताए। उनले प्राकृतिक स्रोत संरक्षणमा स्थानीय सरकार सदैव प्रतिबद्ध रहेको र संस्थाको आवश्यकताअनुसार सहयोग उपलब्ध गराइने बताए।

कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य संघकी अध्यक्ष जानुका पराजुली, पोखरा महानगरपालिका वडा नं. २६ का अध्यक्ष नरेन्द्र थापा, संघीय खानेपानी तथा ढल व्यवस्थापन कार्यालयका प्रमुख पदमबहादुर कुँवर, संस्थाका पूर्व अध्यक्ष चन्द्रकृष्ण कर्माचार्य, निवर्तमान अध्यक्ष विष्णुप्रसाद बराल, उपभोक्ताका प्रतिनिधि शरण प्रधान तथा प्रमिला बराल लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । वक्ताहरूले संस्थाले छोटो अवधिमा उल्लेखनीय उपलब्धि हासिल गरेको भन्दै आगामी दिनमा सेवा विस्तार, स्रोत संरक्षण, प्रविधिमैत्री व्यवस्थापन तथा गुणस्तरीय सेवा प्रवाहमा थप ध्यान दिनुपर्ने सुझाव दिएका थिए । कार्यक्रममा संस्थाका अध्यक्ष मुरारी शर्माले वार्षिक प्रतिवेदन तथा भावी योजनाबारे जानकारी गराउँदै खानेपानी क्षेत्रलाई राजनीतिक प्रभावभन्दा माथि राखेर सेवा केन्द्रित नेतृत्व विकास गर्नुपर्ने धारणा व्यक्त गरे। उनले खानेपानी संस्थामा राजनीतिक दलका कार्यकर्ताको रूपमा नभई खानेपानी व्यवस्थापनको ज्ञान, अनुभव र प्रतिबद्धता भएका व्यक्तिहरू नेतृत्वमा आउनुपर्ने बताए। उनले संस्थाले आगामी दिनमा खानेपानीको गुणस्तर सुधार, वितरण प्रणालीको आधुनिकीकरण, मुहान संरक्षण, सेवा विस्तार तथा संस्थागत सुदृढीकरणका क्षेत्रमा विशेष योजना अघि बढाउने जानकारी दिए । अध्यक्ष मुरारी शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन संस्थाकी सचिव नारायणी भट्टराई 'रक्षा'ले गरेकी थिइन् भने धन्यवाद ज्ञापन उपाध्यक्ष पुष्पकमल ढुङ्गानाले गरेका थिए।

# चङ्गा अल-स्टार फुटसल' को तयारी पूरा, उद्घाटनमा कर्पोरेट र क्रियटर्स भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार

पोखरा –प्रोडक्सनको क्षेत्रमा लोकप्रिय तथा चर्चित चङ्गा प्रोडक्सनले पोखरा रङ्गशालाको कभर्ड हलमा आगामी शुक्रबार आयोजना गर्ने "चङ्गा अल-स्टार फुटसल २०२६" प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको छ।

हाल जारी फिफा फुटबल विश्वकपको अवसरमा विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तिहरुलाई एउटै मैदानमा जमघट गराउनेगरी सो प्रतियोगिता आयोजना गर्न लागिएको हो । सामाजिक सेवा र परोपकारी कार्यमा टेवा पुऱ्याउने लक्ष्यसहित प्रतियोगिता आयोजना गरिएको चंगा प्रोडक्सनका प्रमुख विवेक गुरुङले जानकारी दिए। सो प्रतियोगितामा विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तिहरू (कलाकार, कन्टेन्ट क्रियटर, व्यवसायी लगायत) आबद्ध ४ वटा टोलीहरूले सहभागिता जनाउँदैछन् । उनका अनुसार रंगशालाको बहुद्देश्यीय भवनममा हुने उद्घाटन खेलमा टिम कर्पोरेट र टिम क्रियटर्सबीच हुनेछ।

दोस्रो सेमिफाइनल खेल आयोजक चंगा र काठमाडौंको टिम प्याराडाइमबीच प्रतिस्पर्धा हुने चङ्गा प्रोडक्सनका प्रोग्राम कोर्डिनेटर तथा म्यानेजर सुजल केसीले बताए। केसीका अनुसार निशुल्क प्रवेशको व्यवस्था रहेको सो कार्यक्रम विभिन्न स्टलहरु रहनेछन्। दिउँसो ३ बजेदेखि सुरु हुने सो इभेन्टको चंगा स्पोर्टस्बाट प्रत्यक्ष प्रशारण हुनेछ । चंगा प्रोडक्सन मोफलसलकै लोकप्रिय र चर्चित प्रोडक्सन कम्पनी हो । जसले 'हावा जस्तै' लगायतका दर्जनौ सफल म्यूजिक भिडियोहरु उत्पादन गरिसकेको छ।

# पोखरामा चोरी गर्न काठमाडौंबाट चोर आउन थाले

**पोखरापत्र संवाददाता**
पोखरा, ४ असार

पोखरामा पछिल्लो समय चोरीका लागि काठमाडौंबाट आउने गरेको कास्कीका प्रहरी प्रमुख एसपि नबिन कार्कीले बताएका छन् । शान्ति सुरक्षा सम्बन्धी अन्तक्रिया तथा नागरि सुनुवाई कार्यक्रममा एसपि कार्कीले पछिल्लो समय पोखरामा भएका ठुलाचोरीहरुमा काठमाडौंबाट चोरहरु आएको बताए।

नुवारथोक टोलविकास सस्था पोखरा ७ को आयोजना तथा जिल्ला प्रहरी कार्यालय कास्की, पोखरा महानगरपालिका पोखरा ७, वडा प्रहरी कार्यालय बैदाम र सामुदायिक सेवा केन्द्र बैदामको समन्वयमा भएको कार्यक्रममा स्थानीयले पोखरामा पछिल्लो समय चोरीका घटना बढेको बताएका थिए । एसपी कार्कीले पोखरामा पछिल्ला चोरीको सिलसिला हेर्दा काठमाडौंबाट पोखरा आउने पोखरामा चोरी गर्ने र फेरी काठमाडौं फर्किने गरेको बताए। उनले चोरीको नयाँ टेण्डन



आए सगँ प्रहरीलाई अनुसन्धान गर्न धेरै समय लाग्ने गरेको बताए । उनले सुरक्षाको पहिलो प्रहरी स्वयम आफै भएको बताउदै स्थानीयहरु आफु पनि सचेत रहन आग्रह गरे। टोलमा सिसि क्यामेरा जडान गर्न, बत्ति राख्न पोखरामा स्थानीयहरु नै लाग्ने गरेको उनको भनाई छ। कार्कीले पोखरामा एउटै घरबाट ५० तोला सुन चोरी भएको बताउदै ठुलो मात्रामा सुन भए घरमा नराख्न अनुरोध गरे। उनले सुनलाई लक्करमा राख्न सुझाब दिए । एसपि कार्कीले महिलाहरुलाई पनि धेरै सुन लगाएर बाहिर ननिस्कन अनुरोध गरे । पछिल्लो समय सुनको मुल्य बढे बहुमल्य धातु भएको भन्दै चोरी गर्नेहरुको ध्यान सुन तर्फ गएको बताए । सुनले गर्दा ज्यानै जाने खतरा हुन सक्ने उनको भनाई छ । कार्यक्रममा पोखरा ७ वडा अध्यक्ष राममोहन आचार्यले पोखरा महानगरपालिका वडाहरुलाई उज्यालो वडा बनाउन आफुहरु लागि परेको बताए । उनले वडाका मुख्य चोक चोकमा सिसि क्यामेरा जडान गर्ने लक्ष्य महानगरले अगाडी बढाएको बताए । उनले चोरीलाई रोक्नका लागि स्थानीयहरु नै लाग्नु पर्ने बताउदै आफ्नो टोलमा बेला बेलामा गस्ति गर्नु पर्ने बताए । कार्यक्रममा वडा प्रहरी कार्यालय बैदामका डिएसपी नमराज भट्टराईले आफ्नो टोलमा नयाँ मानिस आएमा त्यसको निगरानी राखेर प्रहरीलाई खबर गर्नु पर्ने बताए। शान्ति सुरक्षा कायम राख्न प्रहरी र समुदाय मिलेर अगाडी बढ्नु पर्ने उनको भनाई थियो। उनले घरमा सिसि क्यामेरा, अटोमिटक लाईट लगाएत जडान गर्नु पर्ने बताए। उनले घर छाडेर बाहिर जाँदा छिमेकीलाई घर हेर्नका लागि भन्नुपर्ने उनको भनाई छ। धेरैले घरको दराजको घर्रामा गरगहना राख्ने गरेको बताउदै त्यसो गर्दा चोरीको सम्भावना बढि हुने गरेको बताए।

कार्यक्रममा स्थानीयले टोलटोलमा गस्ति बढाउन, सिसि क्यामेरा, सडक बत्ति जडान गर्न, लागू औषधमा लागेकालाई नियन्त्रण गर्न, बिहान, साझँ महिलाहरु हिड्न सहज वातावरण बनाउन सुझाब दिएका थिए । कार्यक्रममा सामुदायिक सेवा केन्द्र बैदामका अध्यक्ष ठाकुर प्रसाद बराल, नुवारथोक टोलविकास समिति पोखरा ७ का अध्यक्ष दामोदर बराल लगाएतले समाजमा शान्ति सुरक्षा कायम राख्न, चोरी हुन नदिन समुदाय र प्रहरी सगँसगैँ अगाडी बढ्नु पर्ने बताए।

## पोखरामा ...

बताइन्छ । सेवा लिनका लागि निजामती कर्मचारी अस्पतालले जारी गरेको उपचार सहुलियत परिचयपत्रको सक्कल प्रति, हाल कार्यरत कार्यालयको परिचयपत्र तथा सेवा निवृत्त कर्मचारीका हकमा पेन्सन पट्टाको प्रतिलिपि पेस गर्नुपर्ने प्रतिष्ठानले जनाएको छ।

सेवा विस्तारसँगै गण्डकी प्रदेश तथा आसपासका जिल्लाका निजामती कर्मचारी र उनीहरूका परिवारले काठमाडौँ जानुपर्ने बाध्यता कम हुने तथा सहज रूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्नसक्ने विश्वास गरिएको छ।

काठमाडौँ उपत्यका बाहिर कार्यरत तथा बसोबास गर्ने निजामतीकर्मचारी,अवकाशप्राप्त कर्मचारी र आश्रित परिवार हरूको सहजताका लागि प्रदेशमै सरकारले सिभिल अस्पतालको स्वास्थ्य सेवा पुऱ्याउने निर्णय गरेर अस्पतालहरूसँग सम्झौता गरेको थियो।




सन्तुलित जनसंख्या: विकासको आधार

◆जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
◆जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
◆मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
◆किशोर-किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
◆लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
◆शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।
स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुबेर पनि गरीब हुन्छ । –चाणक्य

## सम्पादकीय

# चिया निर्यातमा अवरोध हटाउन लाग

नेपालबाट भारतीय बजारमा पुगेका तयारी चिया प्रयोगशाला परीक्षणको बहानामा एक महिनाभन्दा बढी समयदेखि गोदाममा थन्किएका छन् । यही समस्याका कारण निर्यात ठप्प भएपछि चिया उद्योग र बगानहरू बन्द भएका छन । असार १ देखि इलामका ७३ भन्दा बढी उद्योग र सयौं चिया बगान बन्द छन् । बिहीबारबाट झापाका पनि उद्योग र बगान बन्द भएपछि नेपालको चिया क्षेत्र पूर्ण रूपमा ठप्प बन्न पुगेको छ । चिया निर्यातमा भारतले अवरोध गरिरहेको कुरा सांसदहरुले सरकारको ध्यानाकर्षण गराएका छन । सरोकारवाला निकाय भने यसबारे पूर्णतः बेखबर छन । भारतीय बजारमा नेपाली चिया निर्यातमा देखिएको अवरोध हटाउन सरकारले कूटनीतिक पहल गरिरहेको दाबी गरे पनि व्यवहारमा देखिएको छैन ।

झापाका चिया उद्योग र बगानहरू पनि बन्द भएका छन्। यो सँगै ६५ हजार हाराहारी कामदारहरुको रोजीरोटी संकटमा परेको छ । 'बिहीबारबाट झापाका ३० भन्दा बढी उद्योग र सयौँ चिया बगानहरू पनि बन्द भएपछि अब नेपालको चिया क्षेत्र पूर्ण रूपमा ठप्प बन्न पुगेको छ,' । नेपालको चिया क्षेत्रको मुख्य थलो नै झापा र इलाम हो । यहाँ हरियो पत्ती टिप्ने, चिया प्रशोधन र प्याकेजिङका सबै काम ठप्प भएको छ । 'पहिले केही समाधानतर्फ गएको जस्तो देखिएको थियो । तर फेरि उद्योग बन्द हुने अवस्था आएपछि विषयले ठूलो प्राथमिकता पाएको छ,' ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, प्रधानमन्त्री कार्यालय, उद्योग मन्त्रालय, कृषि मन्त्रालय र चिया तथा कफी विकास बोर्ड समस्या समाधानका लागि सक्रिय रहनुपर्ने हो । तर अहिलेसम्म कुनै ठोस उपलब्धि हुन सकेको छैन । तत्काल उद्योग कसरी खुलाउने र सरकारी निकायहरूले समाधान खोजिरहेको बताइरहेका बेला उद्योगीहरू भने परिणाम नदेखिएको गुनासो गर्छन् । उद्योगीहरूका अनुसार भारतीय टी बोर्डले लागू गरेको नयाँ प्रक्रियागत व्यवस्थाका कारण नेपाली चिया निर्यातमा अवरोध सिर्जना भएको हो । भारत पुगेपछि चियालाई गोदाममा राख्ने, नमूना परीक्षण गर्ने र प्रतिवेदन नआएसम्म बिक्री गर्न नदिने व्यवस्थाले व्यापारिक चक्र नै भत्किएको छ । यसको असर अब उद्योगमा मात्र सीमित छैन। चिया बगानसम्मै पुगिसकेको छ ।

मुख्य सिजनका बेला उद्योग बन्द भएपछि किसानहरूले हरियो पत्ती टिप्न रोक्न थालेका छन् । इलाम र झापाका हजारौं किसानको उत्पादन बारीमै खेर जाने जोखिम बढेको छ । दैनिक ज्यालामा निर्भर मजदुरहरूको आम्दानी रोकिएको छ । झापाको पनि चिया क्षेत्र बन्द भएसँगै समग्र चिया क्षेत्रलाई ठप्प छ । अहिले इलामबाट निर्यात गरिएको करिब दुई लाख ५० हजार किलो अर्थोडक्स चिया भारततर्फका गोदाममा रोकिएको छ । सिटिसी चिया जोड्दा यो परिमाण तीन लाख किलोभन्दा बढी पुग्छ। नेपालभित्रका उद्योगहरूमा थप १० देखि १५ लाख किलो तयारी चिया थन्किएको छ ।

नेपालमा हाल २० हजार ६०२ हेक्टर क्षेत्रफलमा चिया खेती विस्तार भएको छा वार्षिक साढे चार अर्ब रुपैयाँभन्दा बढी विदेशी मुद्रा आर्जन गर्ने चिया क्षेत्र अहिले निर्यात अवरोधका कारण गम्भीर संकटमा छ । उद्योगीहरुका अनुसार चिया क्षेत्रको संकट झन् गहिरिँदै जाँदा पनि सरकारका तर्फबाट सुनिने एउटै वाक्य छलफल भइरहेको छ, पहल जारी छ । 'उद्योग बन्द भइसकेका छन्, किसानको पत्ती बारीमै छिप्पिन थालेका छन् । मजदुरको रोजीरोटी संकटमा परेको छ,' । 'सरकार पहल जारी छ भन्न छाड्दैन । समाधान कहिले निस्कन्छ भन्ने प्रश्न अझै अनुत्तरित नै छ ।' सरकार देशको निर्यात गर्ने चिया उत्पादन बढाउन नलागी स्टन्ट तिर लाग्दा देखिएको समस्यालाई समाधान गर्न कुटनीतिक पहल आवश्यक छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाव | मकर | : आर्थिक समस्या |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : व्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# खबराको केराखेती समस्या पहिचान गर्न प्राविधिक टोली

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ असार

जिल्लाको बेनी नगरपालिका-२ खबराको केराखेतीमा देखिएको समस्या पहिचान गर्न प्राविधिक टोलीले नमुना सङ्कलन गरेका छन् ।

पसाउने बेलामा केराका टुप्पाको पात पहेँलो हुने र जरामा कालो भएर मर्ने समस्या देखिएपछि उक्त समस्या पहिचान गर्न गण्डकी प्रदेशको कृषि प्रयोगशाला, कृषि अनुसन्धान परिषद् (नार्क), जिल्ला कृषि विकास कार्यालय र राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाको प्राविधिक टोलीले आज केरा बगैँचाको निरीक्षण गरेका हुन् । जिल्ला कृषि विकास कार्यालयका प्रमुख सञ्जिव बास्तोलाले खबराको केराखेतीमा देखिएको समस्या पहिचान गर्न प्राविधिक टोलीले नमुना सङ्कलन गरेर प्रयोगशालामा लगेको जानकारी दिनुभयो । "समस्या देखिएका बगैँचाको निरीक्षण, किसानसँग अन्तरक्रिया गर्नुका साथै गुमा, थाम, पात, जराको भागको नमुना सङ्कलन गरेर प्रयोगशालामा पठाएका छौँ", उहाँले भन्नुभयो, "प्रयोगशालाको प्रतिवेदनको आधारमा रोग पहिचान गरि नियन्त्रणको प्रयास गरिनेछ।" प्रदेश कृषि प्रयोगशालाका बाली संरक्षण अधिकृत सन्तोष अधिकारी र कृषि अनुसन्धान परिषद्का प्राविधिक अधिकृत सुजाता केसीले समस्या देखिएका बगैँचाबाट बोटबिरुवा अन्यत्र लैजान र कृषि औजारलाई अन्यत्र प्रयोग गर्दा सरसफाइ गर्न किसानहरुलाई आग्रह गर्नुभयो । एक सय २० परिवार रहेको खबराका १०० भन्दाबढी कृषकले व्यावसायिक केराखेती गर्दै आएका छन् । केराखेती खबराको मुख्य आयस्रोत हो । अगुवा किसान सोवित शर्माले पसाउने समयमा टुप्पोमा पात पहेँलो हुने र गाना कालो भएर बोट सुक्ने समस्या बढेपछि किसान चिन्तित बनेका बताउनुभयो । सबैजसो बगैँचामा केराको गुभो (बोटको भित्रीभाग) कुहिने र बोट सुक्ने समस्या देखिएको किसान कृष्ण सापकोटाले बताउनुभयो । खबरामा ७०० रोपनी क्षेत्रफलमा केराखेती विस्तार भएकामा १५ प्रतिशत बगैँचामा समस्या देखिएको जनाउँदै करिब ३० प्रतिशत उत्पादन घटेको किसान दिपक सापकोटाले जानकारी दिनुभयो । केराखेतीबाट मासिक न्यूनतम रु १२ हजारदेखि रु ५० हजारभन्दा बढी आम्दानी किसानले गर्दै आएका छन् । घरव्यवहार चलाउन र छोराछोरी पढाउन केराखेतीको आम्दानीले सहयोग पुगको छ । विसं २०५८ मा मानबहादुर थापाले काठमाडौँबाट भित्र्याएका केरा खबरामा मात्रै नभएर म्याग्दी, पर्वत र बाग्लुङमा पनि फैलिएको छ । बेनी नगरपालिकाले खबरालाई केराको पकेट क्षेत्र बनाउने उद्देश्यले तीन वर्षअघि बिरुवा वितरण गरेको थियो ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २०, विजयपुर कोट मन्दिर जाने सिडी बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्होरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः विजयपुर कोट मन्दिर जाने सिडी बाटो निर्माण

ठेगानाः पोखरा-२०

योजना सम्झौता मिति : २०८३/०२/०७ गते

योजना सम्पन्न भएको मितिः २०८३/०२/३० गते

योजनाको कुल लागतः रु. ५,५५,०००|-

महानगरपालिकाबाटः रु. ५,५५,०००|-

बाटोको लागि छुट्टाइएको कुल लम्बाई १३४.११ मिटर चौडाई २ मिटर

उपभोक्ता समिति अध्यक्षः तिल बहादुर गुरुङ

सम्पर्क नं.: ९८०६५४२७७३

**विजयपुर कोट मन्दिर जाने सिडी बाटो निर्माण उपभोक्ता समिति पोखरा-२०**


**HIMALAYAN LIFE**

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल

फोन नं ५९७००५७, पो ब न २५९७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Hli 40180000273 | सुनिता भुजेल | म्याग्दे-६, तनहुँ |
| २ | Gli 0610001877 | सारदा थापा | पोखरा-२५, कास्की |
| ३ | Gli 0610006280 | रोहित सुमुर खाती | बिरुवा-७, स्याङ्जा |


## सार्वजनिक सूचना

तनहुँ जिल्ला राईपुर-२ बस्ने सुशिला सिग्देलको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. ३० को कित्ता नं. ४४१७, २४२१ को क्षेत्रफल १७४.८५ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पूर्व तर्फ कि.नं. १६६७, उत्तर तर्फ कि.नं. ४४१९, ४४२३ र दक्षिण तर्फ कि.नं. ४४१८, ४४२२ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. ३० को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

# मुक्तिनाथमा 'घोडचढी' सेवाले जोगायो हिमाली संस्कृति

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ४ असार

मुक्तिनाथ मन्दिर जान नसक्ने अशक्त, ज्येष्ठ नागरिक र उकालो उक्लन नसक्ने आन्तरिक तथा बाह्य पर्यटक तथा दर्शनार्थीको हितलाई ध्यानमा राखी यहाँ 'घोडचढीसेवा' सञ्चालनमा आएको छ ।

झन्डै विलुप्त अवस्थामा पुगेको 'घोडचढी' सेवा सञ्चालनमा आएपछि यहाँका युवाले भरपुर रोजगारी मात्र होइन, यहाँस्थित मनाइने घोडपर्वका लागि अनिवार्य चाहिने घोडापालन संस्कृतिको समेत जगेर्णभएको छ ।

यसअघि दर्शनार्थी ओसार पसारका लागि मोटरसाइकल सेवा जोखिमपूर्ण भएकाले सो सेवालाई विस्थापित गरी यहाँका समुदायले 'घोडचढीसेवा' पुनः सुरु गरेका हुन् । मोटरसाइकल सेवालाई विस्थापित गरी 'घोडचढीसेवा' सञ्चालनमा आएपछि मुक्तिनाथ रानीपौवा बजारक्षेत्रको व्यवसायमा थप चहलपहल बढेको छ, भने गाउँमा बरालिएका युवाले प्रत्यक्ष रोजगारी पाएका छन् ।

मुक्तिनाथमा 'घोडचढी' सेवाबाट पर्यटक र तीर्थयात्रीलाई सशुल्क सेवा दिन थालेपछि सङ्कटमा पर्दै गइरहेका विभिन्न स्थानीय जातका घोडाहरूको संरक्षण हुन थालेका छन् । घोडामा चढाएर पर्यटक तीर्थयात्रीलाई मुक्तिनाथ पुऱ्याउने सेवा सञ्चालनले मुक्तिनाथ क्षेत्रका प्रायःले एक घर एक घोडा पालन सुरु गरेका छन् । पछिल्लो समय मुक्तिनाथ, खिङ्गा, झारकोट र छेङ्गुर गाउँका युवाले घोडाबाट तीर्थयात्री ओसारपोसार गरी राम्रो आम्दानी गर्न थालेका छन् । मुक्तिनाथ मन्दिरमा दर्शन गर्न जाने तीर्थयात्रीको सेवाका लागि चारगाउँका झन्डै एकसयभन्दा बढी घरधुरीले घोडा पालेको मुक्तिनाथ रानीपौँवाका स्थानीय घोडा व्यवसायी हर्क गुरुङले जानकारी दिनुभयो । मुक्तिनाथ मन्दिरबाट मन्दिरको ढोकासम्म तीर्थयात्री पुऱ्याएको नेपालीलाई रु चारसय र भारतीय पर्यटकलाई भारु चारसय शुल्क लिने गरिएको घोडा व्यवसायी गुरुङले बताउनुभयो ।

घोडा व्यवसायी हर्क गुरुङका अनुसार मुक्तिनाथस्थित चारगाँउमा कुरिया दर्ता भएका स्थानीयले मात्रै घोडाबाट मान्छे तीर्थयात्रीलाई सेवा दिन पाँउने नियम छ । घोडाबाट तीर्थयात्री ओसार्ने कामका लागि मासिक रु २० हजारदेखि रु ३० हजारसम्म पारिश्रमिक दिएर काममा खटाइने गरेको उहाँले बताउनुभयो । मुक्तिनाथमा रुकुम, रोल्पा, धादिङ र बागलुङलगायतका जिल्लाबाट उल्लेख्य युवाहरू घोडाबाट तीर्थयात्री ओसार्ने काममा व्यस्त हुनुहुन्छ । गुरुङका अनुसार स्थानीयलाई पनि वैकल्पिक आम्दानी, घोडाहरूको संरक्षण र जिल्ला बाहिरका युवाहरूलाई समेत रोजगारी प्राप्त भएको सुनाउनुहुन्छ । मुक्तिनाथमा झन्डै एकसयको सङ्ख्यामा युवाले घोडाबाट तीर्थयात्री पुऱ्याउने काममा लाग्नुभएको छ ।

सोही युवा समुहले तीर्थयात्रीहरूलाई डोलीमा चढाएर मुक्तिनाथ पुऱ्याउने सेवा समेत सञ्चालन गरेका छन्। डोलीमा बोकेर तीर्थयात्रीलाई मन्दिर पुऱ्याएको प्रतिव्यक्ति नेपालीलाई पाँचहजार रुपैयाँ र भारतीय पर्यटकलाई भारु चारहजार शुल्क लिने गरिएको छ ।

मुक्तिनाथमा घोडाबाट तीर्थ गर्ने यात्रीलाई सेवा दिन 'घोडचढी' सेवा समिति गठन गरिएको छ। समितिमा आबद्ध सबै घोडाहरू प्रत्येक दिन बिहान ७ बजे समितिमा हाजिर गराइसक्नुपर्छ । समितिमा हाजिर भएपछि मात्रै तीर्थयात्री बोक्न पाइने नियम छ । तोकिएको समय भित्र घोडासहित उपस्थित नभएमा उक्त व्यक्तिले त्यस दिन घोडामा तीर्थयात्री बोक्न नपाइने प्रावधान छ । दैनिक रुपमा कसैले घटीबढी नगरी दिनभरि घोडाबाट तीर्थयात्री ओसारेको आम्दानी बराबर भाग लगाएर बाडिन्छ । मुक्तिनाथका पर्यटन व्यवसायी सुरज गुरुङले घोडाबाट तीर्थयात्री ओसार/पोसार गर्ने सेवाले वारागुङ मुक्तिक्षेत्रमा घोडाहरूको संरक्षण भईरहेको बताउँनुभयो । "एकातिर मुक्तिनाथ उक्लिन नसक्ने पर्यटकका लागि सेवा भएको र अर्कोतर्फ वैकल्पिक रोजगारीका साथै परम्परागत घोडाहरूको संरक्षण भएको छ । पर्यटन व्यवसायी गुरुङले भन्नुभयो।" "मुक्तिनाथमा घोडाले तीर्थयात्री ओसार्ने विकल्प नभएको भए यहाँ परम्परागत घोडाहरू लोप हुने अवस्था रहन्थ्यो, अहिले चाडपर्वमा घोडाहरू जुटाउन कुनै समस्या छैन । उहाँले भन्नुभयो । मुस्ताङमा यार्तुङ, तिजी, धज्याङलगायतका विभिन्न चाडपर्वमा अनिवार्य घोडाको आवश्यक पर्ने गर्छ ।

हिमाली संस्कृति र मौलिकतामा यहाँका घोडाहरूको महत्व र योगदान निकै ठूलो हुने गरेको जनप्रिय युवा क्लबका अध्यक्ष कैसाङ ठोक्या ठकुरीले उल्लेख गर्नुभयो ।

घोडाबिनाको चाडपर्व कल्पना गर्न नसकिने भएकाले हिमाली क्षेत्रको संस्कृति जोगाउन घोडाको आवश्यकता पर्ने अध्यक्ष ठकुरीले बताउनुभयो । अध्यक्ष गुरुङले यहाँ सदियौँदेखि पालिएका घोडाहरू सडकको विकासले चुनौती थपिएको भए पनि घोडाबाट तीर्थयात्री बोक्ने सेवाले स्थानीयलाई घोडापाल्न प्रेरित गरेको छ भन्नुभयो ।

# प्रि-मनसुनमा ४५ वर्षयताकै बढी वर्षा

**रासस**
पोखरा, ४ असार

नेपालमा यस वर्षको प्रि-मनसुन अवधिमा विगत ४५ वर्षयताकै सर्वाधिक वर्षा रेकर्ड भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार उक्त अवधिमा देशभर औसत ३३९.७७ मिलिमिटर वर्षा मापन गरिएको छ, जुन औसत २२६.३ मिलिमिटरको १४५ दशमलव ५ प्रतिशत हो । विभागका मौसमविद् सञ्जिव अधिकारीले प्रि-मनसुन समयमा पश्चिमी न्यून चापीय प्रणाली र स्थानीय वायु सक्रिय हुनु तथा अत्यधिक गर्मीका कारण प्रि-मनसुनमा अत्याधिक वर्षा भएको जानकारी दिनुभयो ।

विभागले सार्वजनिक गरेको तथ्याङ्कअनुसार सन् २०२६ मा भएको ३३९.७७ मिलिमिटर वर्षा प्रि-मनसुन अवधिको सबैभन्दा बढी वर्षा हो । यसअघि सन् १९९० मा ३३१.४० मिलिमिटर वर्षा भई उच्च रेकर्ड कायम भएको थियो । तथ्याङ्कअनुसार सन् २००० मा ३२३ दशमलव १९ मिलिमिटर, सन् २०२१ मा ३१७.८८ मिलिमिटर र सन् २०२० मा ३१५.७८ मिलिमिटर वर्षा भएको थियो ।

यस वर्षको वर्षाले ती सबै रेकर्डलाई उछिनेको विभागले जनाएको छ । विभागका अनुसार प्रि-मनसुन अवधिमा औसतभन्दा उल्लेख्य बढी वर्षा हुनु जलवायु प्रणालीमा देखिएको परिवर्तनको सङ्केत हुन सक्छ । यस अवधिमा देशका विभिन्न क्षेत्रमा चट्याङ, हावाहुरी, असिना तथा भारी वर्षाका घटनासमेत बढेको देखिएको छ । विभागका अनुसार यस वर्षको प्रि-मनसुन वर्षा सन् १९९० यताकै मात्र नभई उपलब्ध अभिलेखमा सबैभन्दा उच्च रहेको रेकर्डका रूपमा दर्ता भएको छ ।

**गण्डकी प्रदेश सरकार**
**उद्योग तथा पर्यटन मन्त्रालय र**
**सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय**
**एकीकृत सेवा कार्यालय, कास्की**
**पोखरा, गण्डकी प्रदेश, नेपाल**

## कोसेली घर सञ्चालन सम्बन्धी प्रस्ताव पेश गर्न सूचना

प्रथम पटक प्रकाशित सूचना २०८३/०३/०५

यस कार्यालयको परिसरभित्र रहेको कोसेली घरको सञ्चालन प्रयोजनका लागि कोसेली घर सञ्चालन मापदण्ड २०८३ बमोजिम इच्छुक फर्म, व्यवसायी तथा संघ संस्थाहरुले देहायका कागजजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिलका कागजजात सहित यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघि आएको र रित नपुगेको प्रस्तावलाई छनौटमा समावेश नगरिने व्होरा समेत जानकारी गराइन्छ ।

**प्रस्तावसाथ सम्लग्न गर्नुपर्ने कागजजातहरु**

- अनुसूची १ बमोजिम प्रस्ताव र अनुसूची २ बमोजिमको ढाँचामा व्यवसायिक कार्ययोजना,
- प्रोप्राईटर फर्मको सञ्चालक भए निजको एकल प्रस्ताव, साझेदार फर्मको सञ्चालक मध्येको सदस्य भए अन्य साझेदारहरुको मञ्जुरीनामा,
- प्राईभेट लिमिटेड वा पब्लिक लिमिटेड कम्पनीको सञ्चालक मध्येको सदस्य भए कम्पनीको सञ्चालक समितिको सिफारिश,
- प्राईभेट लिमिटेड वा पब्लिक लिमिटेड कम्पनीको हकमा उक्त कम्पनी अनिवार्य रुपमा गण्डकी प्रदेश सरकार मातहतको उद्योग हेर्ने कार्यालयमा दर्ता भएको हुनुपर्ने,
- अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र,
- पान/भ्याटमा दर्ता भएको प्रमाणपत्र,
- प्रस्तावक संघसंस्था भए दर्ता तथा नवीकरण अद्यावधिक भएको प्रमाणपत्र, बैठकको निर्णय, विधानको प्रतिलिपी

द्रष्टव्यः प्रस्तावकको छनौट कोसेली घर सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०८३ अनुसार गरिनेछ ।

**एकीकृत सेवा कार्यालय, कास्की**

# वन्यजन्तुको आक्रमणबाट नौ वर्षमा सत्र बालबालिकाको गयो ज्यान

पोखरापत्र संवाददाता
तनहुँ, ४ असार

तनहुँमा नौ वर्षको अवधिमा वन्यजन्तुको आक्रणमा परी सत्र जना बालबालिकाको ज्यान गएको छ।

मानव वन्यजन्तु द्वन्द्वका कारण यसअवधिमा ३८ वटा घट्ना भएका डिभिजन वन कार्यालयले जनाएको छ। विसं ०७४ देखि ०८२ सम्मको अवधिमा त्यस्ता घटनामा २१ जना स्थानीय घाइते भएका थिए। वन्यजन्तुको आक्रमणमा परी सबैभन्दा बढी बन्दीपुर गाउँपालिकामा मानवीय क्षति भएको छ। उक्त स्थानमा भएका ११ घटनामा सात जना बालबालिकाको मृत्यु र चार जना घाइते भएको सूचना अधिकारी एवं वन अधिकृत राजकुमार श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार भानु नगरपालिका १४ घटना हुँदा पाँच जनाको मृत्यु र नौ जना घाइते भएका छन्। अधिकांश घटना चितुवाबाट भएको छ भने केही घटना भालु र बाँदरबाट भएको छ। व्यास नगरपालिका भएको छ वटा घटनामा दुई जनाको मृत्यु र चार जना घाइते भएका छन्। त्यसैगरी शुक्लागण्डकीमा तीन घटनामा दुई जनाको मृत्यु र एक जना घाइते भएका छन्। आँबुखैरेनी गाउँपालिकामा तीन घटनामा एक जनाको मृत्युका साथै दुई जना घाइते र म्याग्दे गाउँपालिकामा एक घटनामा एक जना घाइते भएका थिए।

अधिकांश चितुवाको आक्रमण बालबालिकाको मृत्यु र घाइते भएका छन् भने भालु र बाँदरको आक्रमणबाट नगन्य मात्रामा घाइते भएका छन्।

वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका २०८० अनुसार हात्ती, गैंडा, बाघ, भालु, चितुवा, हिउँ चितुवा, ध्वाँसे चितुवा, ब्वाँसो, जङ्गली कुकर, जङ्गली बँदेल, अर्ना, मगर गोही, अजिङ्गर र गौरीगाईबाट क्षति भएमा राहतका लागि पीडित वा हकवालाले ३५ दिनभित्र सम्बन्धित निकायमा निवेदन दिनुपर्दछ।

वन्यजन्तुबाट सामान्य घाइते भएका व्यक्तिलाई बढीमा रु २० हजारसम्म औषधि उपचार खर्च दिने व्यवस्था रहेको डिभिजन वन कार्यालयले जनाएको छ। त्यस खालका घटनामा परी सख्त घाइते भएकालाई रु दुई लाख र सोभन्दा बढी खर्च लाग्ने भएमा सरकारी अस्पतालमा उपचार गराई सोही अस्पतालको सिफारिसमा सम्पूर्ण उपचार खर्च नेपाल सरकारले ब्यहोर्ने प्रावधान रहेको डिभिजन प्रमुख मनोज रानाभाटले जानकारी दिनुभयो।

उहाँका अनुसार अङ्गभङ्ग भई जीवनभर गम्भीर रुपले शारीरिक अशक्त हुने अवस्थाको व्यक्ति वा निजको हकवालालाई जीविकोपार्जनको लागि एकमुष्ट रु पाँच लाख राहत रकम दिने व्यवस्था रहेको छ। मानिसको मृत्यु भएमा मृतकको आश्रित परिवारलाई रु १० लाख राहत रकम दिइनेछ। गम्भीर घाइते भई उपचाररत रहेको व्यक्तिको अस्पतालबाट 'डिस्चार्ज' भए पश्चात् सोही कारणले ३५ दिनभित्र मृत्यु भएमा वा अस्पतालमा निरन्तर थलिएर मृत्यु भएमा मृतकको नजिकको हकवालालाई उपचार खर्च पूरै र रु दश लाख राहत प्रदान गरिने छ। चालु आवमा भने त्यस खालका घटना नभएको जनाइएको छ।

# कृषकलाई विहादीको अनुदान

पोखरापत्र संवाददाता
पर्वत, ४ असार

व्यावसायिक रुपमा पशुपालन गरी दूध उत्पादन गर्दै आएका कृषकलाई पर्वतको विहादी गाउँपालिकाले प्रतिलिटर सात रुपैयाँ ५० पैसा अनुदान दिने भएको छ।

गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत दूध ढुवानी गर्नका लागि अनुदान दिन थालेको हो।

दूध उत्पादन तथा बजारीकरणलाई प्रोत्साहन गर्दै उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गर्न लागेको पालिकाका प्रमुख प्रशासकीय अधिकृत थमनबहादुर रेश्मीले जानकारी दिनुभयो।

उत्पादित दूध ढुवानी गर्न कृषकलाई सहज होस् र दूध उत्पादनमा थप प्रोत्साहन मिलोस् भनेर अनुदान वितरण गर्न थालिएको गाउँपलिकाका अध्यक्ष परवीन गुरुङले जानकारी दिनुभयो। पशुविकास शाखाले सूचना जारी गर्दै गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका दूध सङ्कलन, ढुवानी तथा बिक्री-वितरण गर्ने सहकारी संस्था वा अन्य व्यावसायिक फार्मलाई अनुदान कार्यक्रममा सहभागी हुन आग्रह गरेको छ।

अनुदान लिनका लागि सहकारी संस्थाले दर्ता, नवीकरण तथा कर चुक्ता प्रमाणपत्र, अनुदान कार्यक्रम सञ्चालन गर्ने निर्णयको प्रतिलिपि, दूध सङ्कलन गर्ने कृषकको नागरिकताको प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको सिफारिस, चालु आवमा दूध सङ्कलन गरेको आधिकारिकता दूध बिक्री गरेको प्रमाण, गत आर्थिक वर्षको अनुदान रकम कृषकलाई उपलब्ध गराएको विवरण, सहकारीको लेखा प्रतिवेदन तथा राजस्व तिरेको रसिदलगायतका कागजात पेस गर्नुपर्ने व्यवस्था छ।

विहादीमा सङ्कलन भएको दैनिक एक हजार लिटर दूध पालिकाको हुवास बजार र स्याङ्जाको वालिङमा बिक्री हुँदै आएको छ।


# ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८३ असार ०५ गते**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले सामुहिक धनजमानतमा समूह मार्फत ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवम् हर्जाना व्याज समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिनभित्र यस संस्थामा बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला। अन्यथा तपाई ऋणी सदस्य, व्यक्तिगत धनजमानत दिने व्यक्ति र समूहमा सामुहिक जमानत बस्ने सदस्यको समेत नाउँमा रहेको श्रीसम्पत्ति रोक्का राखी सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम प्रशासनिक कारवाही प्रकृया पुरा गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

| क्र.स. | सदस्यको नाम | स्थायी ठेगाना | ना.प्र प्र नं. | जारी गरेको जिल्ला | बाबु/श्रीमानको नाम | बाजे/ससुराको नाम | धनजमानत दिने | स्थायी ठेगाना | ना.प्र प्र नं. | जारी जिल्ला | बाबु/श्रीमान नाम | बाजे/ससुराको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कमला थापा | कोल्मा ४ स्याङ्गजा | ६८५३३ | स्याङ्गजा | युवराज थापा | पुर्ण बहादुर थापा | युवराज थापा | कोल्मा ४ स्याङ्गजा | ४६६२७ | स्याङ्गजा | पुर्ण बहादुर थापा | सुमान सिं थापा |
| २ | बुद्धीमाया नेपाली | टक्सार ८ स्याङ्गजा | ४२३००१-२१९ | स्याङ्गजा | डिलबहादुर नेपाली | कृष्ण बहादुर नेपाली | सविना रोका | पुतलीबजार ६ स्याङ्गजा | ४२-०१-७४-०११२१ | स्याङ्गजा | डिल बहादुर नेपाली | कृष्ण बहादुर नेपाली |
| ३ | दिपा श्रेष्ठ (बि.क.) | पोखरा १० कास्की | ४६१००१-६१६ | कास्की | कैलाश श्रेष्ठ | डम्बर बहादुर श्रेष्ठ | साजन विश्वकर्मा | चिलाउनेबास ५ स्याङ्गजा | ४२-०१-६९-००२०० | स्याङ्गजा | खेमलाल बि.क. | गुम्ब बहादुर बि.क. |
| ४ | तीरमाया गुरुङ्ग | कालिका कोट ८ स्याङ्गजा | ३०३३ | स्याङ्गजा | श्री बहादुर गुरुङ्ग | रन बहादुर गुरुङ्ग | मोनिका गुरुङ्ग | भीरकोट ९ स्याङ्गजा | ४२-०२-७६-०३४८६ | स्याङ्गजा | श्री बहादुर गुरुङ्ग | रन बहादुर गुरुङ्ग |
| ५ | भुमिका गुरुङ्ग | भीरकोट ९ स्याङ्गजा | ४२२०४७-२५१ | स्याङ्गजा | गम्भीर सिंह भन्ने गजबहादुर गुरुङ्ग | खर्कसिंङ गुरुङ्ग | डमबहादुर गुरुङ्ग | कालिकाकोट ६ स्याङ्गजा | ३५३५ | स्याङ्गजा | गम्भीर सिंह | खर्कसिंङ गुरुङ्ग |
| ६ | दिपा गुरुङ्ग | पोखरा १७ कास्की | ४६००१-८०८८ | कास्की | कृष्णबहादुर गुरुङ्ग | पुर्णबहादुर गुरुङ्ग | पबित्र गुरुङ्ग | पोखरा १७ कास्की | ४६१००१-६७ | कास्की | कृष्णबहादुर गुरुङ्ग | पुर्णबहादुर गुरुङ्ग |
| ७ | सन्ध्या थापा | बाजुङ्ग ८ पर्वत | ५११०३१-३३७ | पर्वत | चित्र बहादुर खत्री पौडेल थापा | चक्र बहादुर थापा | मधु प्रजापति | पोखरा १७ कास्की | ३७८२९ | कास्की | राम प्रजापति | हरि प्रजापति |
| ८ | एलिसा थापा भुजेल | भिमाद ८ तनहुँ | ४३१०३४-४९१ | तनहुँ | सुमन बहादुर भुजेल | भुपाल बहादुर भुजेल | शोभा परियार | वाङ्गेफडके ५ स्याङ्गजा | ४२-०१-६९-००८८६ | स्याङ्गजा | सुरोज बहादुर परियार भुजेल | भुपाल बहादुर परियार भुजेल |
| ९ | सरस्वती मल्ल | पोखरा ११ कास्की | १०९२ | कास्की | बुद्धि बिर मल्ल | चन्द्र बहादुर मल्ल | गिता काफले | सिद्ध ७ कास्की | ८४०१४ | कास्की | प्रेम बहादुर काफले | जय बहादुर काफले |
| १० | मनिषा सुनार | आँधिखोला १ स्याङ्गजा | ४२-०१-७७-०३१२९ | स्याङ्गजा | जीत बहादुर बि.क. | कुविर कामी | नेहा महर्जन | पोखरा १७ कास्की | ४६-०१-७२-०३५०३ | कास्की | संजय महर्जन | जगत बहादुर महर्जन |
| ११ | सुन्दरी क्षेत्री | पोखरा १७ कास्की | ३७२४० | कास्की | यमबहादुर क्षेत्री | खीम बहादुर क्षेत्री | यमबहादुर क्षेत्री | पोखरा १७ कास्की | १२२७३० | कास्की | खीम बहादुर क्षेत्री | राजबीर क्षेत्री |
| १२ | सरस्वती गुरुङ्ग | कालिका ७ कास्की | ४६-०१-७०-०६४१३ | कास्की | शुशिल गुरुङ्ग | तोल बहादुर गुरुङ्ग | शुशिल गुरुङ्ग | कालिका ७ कास्की | ४६१०३५-१६१ | कास्की | तोल बहादुर गुरुङ्ग | चन्द्र सिं गुरुङ्ग |
| १३ | देवीमाया गुरुङ्ग | कालिका ७ कास्की | ४६-०१-६९-०१३२९ | कास्की | लालजीत गुरुङ्ग | टेक बहादुर गुरुङ्ग | लालजित गुरुङ्ग | नामार्जुङ ८, कास्की | १६७१३८ | कास्की | टेक बहादुर गुरुङ्ग | रने गुरुङ्ग |
| १४ | नन्दकला थापा | कोल्मा २ स्याङ्गजा | ७१०८१ | स्याङ्गजा | टोप बहादुर थापा | बुद्धिवल थापा | उर्मिला थापा | कोल्मा २ स्याङ्गजा | ४२-०१-७२-००७९१ | स्याङ्गजा | टोप बहादुर थापा | बुद्धिवल थापा |
| १५ | गंगा नेपाली | कालिका १ कास्की | ४६-०१-७३-०७८९६ | कास्की | सन्तोष सार्की | धन बहादुर नेपाली | गायत्री नेपाली | पोखरा ९ कास्की | २०००८ | तनहुँ | वासु नेपाली | प्रेम बहादुर नेपाली |
| १६ | सृजना कार्की | बीरेन्द्रनगर १ चितवन | ४६३१३ | चितवन | पुर्णबहादुर कार्की | बीर बहादुर कार्की क्षेत्री | पुर्णबहादुर कार्की | बीरेन्द्रनगर १ चितवन | ३५६७५ | चितवन | बीर बहादुर कार्की क्षेत्री | जंग बहादुर कार्की |
| १७ | केशर कुमारी मल्ल | चापाकोट ८ स्याङ्गजा | ४३३७१ | कपिलबस्तु | हेम बहादुर मल्ल | पदमबहादुर मल्ल | शर्मिला मल्ल | चापाकोट ८ स्याङ्गजा | ४२२०६३-७१ | स्याङ्गजा | हेम बहादुर मल्ल | पदमबहादुर मल्ल |
| १८ | चन्द्र कुमारी गुरुङ्ग | भदौरेतामागी ९ कास्की | १६१३०४ | कास्की | केश बहादुर गुरुङ्ग | टेक बहादुर गुरुङ्ग | नन्दबहादुर गुरुङ्ग | बालिङ्ग ८ स्याङ्गजा | १८५८२ | स्याङ्गजा | आतम गुरुङ्ग | गञ्ज सिं गुरुङ्ग |
| १९ | देउता गुरुङ्ग | पोखरा २३ कास्की | ५५०९८ | कास्की | चिजकाजी गुरुङ्ग | कृष्ण प्रसाद गुरुङ्ग | एकुमाया गुरुङ्ग | पोखरा १० कास्की | २३७११ | लमजुङ्ग | थमनसिं गुरुङ्ग | टेक बहादुर गुरुङ्ग |
| २० | शान्ति पुन | पोखरा १५ कास्की | ४६-११२५४५ | कास्की | कुलबहादुर पुन | लालवीर पुन | नेहा पालिखे | पोखरा ४ कास्की | ४६१००-१११९१ | कास्की | हरिहर पालिखे | |
| २१ | सूर्यकला श्रेष्ठ | मेचीनगर १० झापा | ६४३८१८१३ | झापा | उमेश नेवार (श्रेष्ठ) | नरबहादुर नेवार (श्रेष्ठ) | उमेश नेवार (श्रेष्ठ) | पृथ्वी नगर ७ झापा | ०४३३०२३-११६ | झापा | नरबहादुर नेवार (श्रेष्ठ) | भने नारायण श्रेष्ठ |
| २२ | अस्मिता श्रेष्ठ | पोखरा २ कास्की | ६४०३ | नवलपरासी | कुञ्जन भान्साकार्य | जयराम भन्साकार्य | किस्मिता भन्साकार्य | पोखरा २ कास्की | ४६-०१-७५-००९८९ | कास्की | कुञ्जन भान्साकार्य | जयराम भन्साकार्य |
| २३ | लक्ष्मी बास्तोला | पोखरा १० कास्की | ४६१००१-१६५४८ | कास्की | शेखरनाथ बास्तोला | बोधराज बास्तोला | शिला बास्तोला | पोखरा १० कास्की | ४६-०१-७७-०००४४ | कास्की | शेखरनाथ बास्तोला | बोधराज बास्तोला |
| २४ | लक्ष्मी गौडेल | रापाकोट ५ स्याङ्गजा | ४२३०४९-२९१ | स्याङ्गजा | ख्याम राज गौडेल | कृष्ण प्रसाद गौडेल | ख्याम राज गौडेल | अर्जुनचौपारी ३ स्याङ्गजा | ३७६६८ | स्याङ्गजा | कृष्ण प्रसाद गौडेल | रविलाल गौडेल |
| २५ | धनमाया वि.क | कृस्तिनाच्नेचौर १ कास्की | १०८९४१ | कास्की | मेख बहादुर वि.क. भन्ने मेख बहादुर थापा | दुध बहादुर थापा | चित्र बहादुर दमै | भानुमती ५ तनहुँ | ४३-०१-७४-००३१९ | तनहुँ | ओम बहादुर दमाई | सेते दमाई |
| २६ | सुष्मा खाँण | भीरकोट ५ स्याङ्गजा | ८८९१ | स्याङ्गजा | कर्णबहादुर खाँण | सोभियत बहादुर खाँण | कमला थापा | कोल्मा ४ स्याङ्गजा | ६८५३३ | स्याङ्गजा | युवराज थाप | पुर्ण बहादुर थापा |
| २७ | तारा भट्टराई (कूमाल) | मेघौली १ चितवन | ३५१०३६-५७१ | चितवन | रामजी कूमाल | वासुदेव कूमाल | अनिस कूमाल | भरतपुर २८ चितवन | ३५-०१-०७-११८२० | चितवन | रामजी कूमाल | वासुदेव कूमाल |
| २८ | चन्द्रकुमारी थापा मगर | बालिङ्ग १० स्याङ्गजा | ८३८५ | स्याङ्गजा | बुद्धबहादुर थापा मगर | लालबहादुर थापा | पोट बहादुर थापा | बालिङ्ग १० स्याङ्गजा | ४२२०४१-३८०२२ | स्याङ्गजा | बुद्धबहादुर थापा मगर | लालबहादुर थापा |
| २९ | रत्नादेवी गुरुङ्ग | माझकोट ४ स्याङ्गजा | १०२९१ | स्याङ्गजा | चित्रबहादुर गुरुङ्ग | कुम्बसिहं गुरुङ्ग | चित्रबहादुर गुरुङ्ग | माझकोट ४ स्याङ्गजा | २२४१ | स्याङ्गजा | कुम्बसिहं गुरुङ्ग | खडका बहादुर गुरुङ्ग |
| ३० | सुन कुमारी गुरुङ्ग | दुलेगौडा ९ तनहुँ | २८१७८ | तनहुँ | सुकबहादुर गुरुङ्ग | भक्त बहादुर गुरुङ्ग | धनमाया वि.क | कृस्तिनाच्नेचौर १ कास्की | १०८९४१ | कास्की | मेख बहादुर वि.क. भन्ने मेख बहादुर थापा | दुध बहादुर थापा |
| ३१ | होम माया आले | म्याग्दे ४ तनहुँ | ४३१०३४-१६३ | तनहुँ | थमनबहादुर आले | मन बहादुर आले | वसन्त आले | छाङ ४ तनहुँ | ४३१०३४-१५१ | तनहुँ | मन बहादुर आले | चुमन सिं आले |
| ३२ | टिकी माया गुरुङ्ग | अर्जुनचौपारी ८ स्याङ्गजा | ४२३०४८-५० | स्याङ्गजा | शेर बहादुर गुरुङ्ग | भीम बहादुर गुरुङ्ग | अमित गुरुङ्ग | भीरकोट ८ स्याङ्गजा | ४२-०१-७५-०००३७ | स्याङ्गजा | युमन बहादुर गुरुङ्ग | प्रितम बहादुर गुरुङ्ग |
| ३३ | अजिता गुरुङ्ग | पुतलीबजार १२ स्याङ्गजा | ४२-०१-६९-०००२१७ | स्याङ्गजा | बिष्णु कुमार गुरुङ्ग | लोक बहादुर गुरुङ | बिष्णु कुमार गुरुङ्ग | पुतलीबजार १२ स्याङ्गजा | ५७८३५ | स्याङ्गजा | लोक बहादुर गुरुङ | डम्मर सिं गुरुङ्ग |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
ROYAL
**Pokhara Royal Saving & Credit Co-operative Society Limited**
**Head Office:** Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-588833, 587833, 570833, 570933
E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com